# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ श्रावण ७

**राजनीतिक उद्देश्य प्राप्तिका लागि बालबालिका प्रयोग तत्काल रोक्न दलहरुलाई आयोगको आग्रह**

राजनीति दल तथा दलहरुको भातृ संगठनहरुको आयोजनामा विरोध सभा, जुलुस एवं राजनीतिक प्रदर्शनका कार्यक्रमहरुमा बालबालिकाहरुको व्यापक प्रयोग भएको आयोगको अनुगमनबाट देखिएको छ । राजनीतिक उद्देश्य प्राप्तिका लागि बालबालिकाको प्रयोग तत्काल रोक्न आयोग राजनीतिक दलहरुलाई आग्रह गर्दछ । राजनीतिक दलहरुका यस्ता कार्यहरु बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा २८ तथा नेपालको संविधानको धारा ३९ विपरीतको कार्य हो र यस्ता कार्यबाट बालबालिकाले पढ्न पाउने अधिकार तथा बालबालिकाको स्वतन्त्रताको अधिकार समेत उल्लंघन भएको छ ।

बालबालिका शान्ति क्षेत्र हुन् भनी नेपाल सरकारले प्रतिबद्धता जनाइसकेको तथा राजनीतिक दलहरुको चुनावी घोषणापत्रमा बालअधिकारको सुनिश्चितता गर्ने प्रतिबद्धता समेत व्यक्त भएको परिप्रेक्ष्यमा सो विपरीत बालबालिकाको प्रयोग गर्नु अत्यन्त दुःखद स्थिति हो । कुनैपनि राजनीतिक कार्यक्रम सञ्चालन गर्दा बालबालिकाको पक्षबाट सोच्न, विद्यालयहरुलाई निर्विवाद रुपमा सञ्चालन गर्न, रोकटोक नगर्न आग्रह गर्दै विद्यालय नै बन्द गरी सभा, कार्यक्रमहरु आयोजना गर्नु, सभामा विद्यालयका सवारी साधनहरु प्रयोग गरिनुको सट्टा वैकल्पिक उपाय अवलम्बन गर्न आयोग आग्रह गर्दछ । विद्यालयका बसहरु लक्षित गरी भएको आगजनिप्रति आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त घटनाका दोषी पहिचान गरी कानुन बमोजिम कारबाही गर्न आयोग आग्रह गर्दछ । साथै राजनीतिक दलहरु आफ्ना प्रतिवद्धता पूर्णरुपमा कार्यान्वयन गर्न जिम्मेवार भई बालबालिका तथा विद्यालय शान्ति क्षेत्र हुन् भन्ने नारालाई पूर्णरुपमा व्यवहारमा उतारी यस्ता कार्यहरु भविष्यमा नगर्न, नगराउन आयोग सम्बन्धित सबै राजनीतिक दल तथा भातृ सगंठनहरुको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता